# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (६) चितवन, पौष ०१, २०७९ साल अंक ८

## भाग ३

### खैरहनी नगरपालिका

### नगरकार्यपालिकाको कार्यालय

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७९ को कार्यविधि नं. ८**

## विपन्न परिवार तथा लक्षित समुह स्वास्थ्य विमा कार्यक्रम कार्यविधि २०७९

**प्रस्तावना :** कार्यपालिका पारित मिति : - २०७९/०८/२९

नेपालको संविधानमा उल्लेखित मौलिक हक प्रचलन गरी अति विपन्न, दीर्घ रोगी तथा लक्षित समुहहरुका नागरिको पहिचान गरी उनीहरुलाई स्वास्थ्य बिमा कार्यक्रम मार्फत स्वास्थ्य सेवामा नगरवासिको पहुच वृद्दि गरी विशिष्टिकृत स्वास्थ्य सेवा उपलव्ध गराउने उद्देश्यका साथ स्वास्थ्य बिमा गराउन लाग्ने शुल्कमा अनुदान उपलब्ध गराई सहज रुपमा स्वास्थ्य बिमा गराउने व्यवस्था गर्नु वान्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद— १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**विपन्न परिवार तथा लक्षित समुह स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि २०७९**" रहनेछ ।

२) यो कार्यविधि नगर कार्यपालिकावाट पारित भई स्थानिय राजपत्रमा प्रकाशन भएको मितिवाट लागु हुनेछ ।

२.परिभाषा विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

क) "विपन्न नागरिक" भन्नाले विपन्न नागरिक परिचय पत्र वाहक परिवार र आफ्नो आर्थिक अवस्था कमजोर भएको न्यूनतम क्यालोरी पुरा हुने गरी खान नपुग्ने नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, वस्न, शिक्षा, स्वास्थ्य उपचार गराउन नपुग्ने परिवारलाई जनाउछ ।

ख) "लक्षित समुह" भन्नाले नगरपालिकाले तोकेको अनुसुची-०१ बमोजिमको अति जटिल विरामीहरु, खैरहनी नगरपालिकामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरु तथा स्वास्थ्य विमामा आवद्दताका लागि सिफारिस समितीले तोकेको व्यक्ति सम्झनुपर्नेछ ।

ग) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

ङ) "कार्यपालिका" भन्नाले संविधानको धारा २१६ बमोजिम गठित खैरहनी नगर कार्यपालिका सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ज) "नगरसभा" भन्नाले संविधानको धारा २२३ बमोजिम गठीत खैरहनी नगर सभा सम्झनु पर्दछ ।

झ) "वडा समिति" भन्नाले संविधानको धारा २२३ को उपधारा (४) बमोजिम गठीत खैरहनी नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

ञ) स्वास्थ्य शाखा भन्नाले खैरहनी नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

परिच्छेद—२

विमा कार्यक्रम सम्बन्धी व्यवस्था

३. विमामा आवद्द हुने विधिः-

(१) विपन्न परिवार तथा लक्षित समुहले नगरपालिकाद्धारा लागु गरिएको स्वास्थ्य बिमा कार्यक्रममा आवद्द हुन अनुसुची-१ वमोजिमको ढाँचामा आवश्यक कागजात सहित सम्वन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले निवेदनमा उल्लेखित व्यहोराको आधिकारीकता विषयमा छानविन गरी बुझ्नु पर्ने कुरा बुझि यस कार्यविधिमा तोकिए बमोजिम मापदण्ड अनुसार स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न उपयुक्त लागेमा पेश भएको निवेदन प्रमाणित गरी पत्रसाथ संलग्न गरी तोकिएको ढाचाँमा विवरण भरि नगरपालिकामा हरेक महिनाको २० गते भित्र पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनमा दफा ४ बमोजिमको समितिले दफा ५ बमोजिमका मापदण्डका आधारमा स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका परिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न आवश्यक प्रक्रिया स्वास्थ्य शाखाले पुरा गर्नेछ ।

४. स्वास्थ्य विमा सिफारिस समिति गठन सम्बन्धी व्यवस्थाः-

(१) प्राप्त निवेदन अनुसार जाँचबुझ गरि स्वास्थ्य विमामा आवद्दता सिफारिस गर्न तपसिल बमोजिमका पदाधिकारी रहेको एक स्वास्थ्य विमा सिफारिश समिति गठन हुनेछ ;

| | | |
|---|---|---|
| क) | नगर उपप्रमुख | —संयोजक |
| ख) | प्रमुख प्रशासकीय अधिकृत | —सदस्य |
| ग) | सामाजिक विकास समिति संयोजक | —सदस्य |
| घ) | स्वास्थ्य शाखाको प्रमुख | —सदस्य सचिव |

२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

क) सम्वन्धित वडावाट सिफारिस भई आएका निवेदनमा छानविन गर्ने ।

ख) प्राप्त निवदेनका आधारमा स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न सिफारिस गर्ने ।

घ) अति विपन्न परिवारको सूचीमा परेको परिवार र तोकिएको लक्षित समुहका नपरेका अन्य जटिल रोगका विरामिहरुलाई स्वास्थ्य विमामा आवद्द गर्न मनासिव रहेमा सो को सिफारिस गर्ने ।

ङ) विवरण ढाटी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको पाइएमा आवश्यक कारबाहीको लागि सिफारिस गर्ने।

३) समितिको वैठक कम्तिमा महिनाको १ पटक बस्नेछ ।

४) समितिले वैठकमा कुनै विज्ञको आवश्यकता भएमा आमन्त्रण गर्न सक्नेछ ।

५) समितिले वैठक सम्वन्धि अन्य कार्य विधि आफै निर्धारण गर्न सक्नेछ ।

५) स्वास्थ्य विमामा आवद्दता तथा लगत कट्टा सम्बन्धी व्यवस्थाः-

१) स्वास्थ्य विमामा आवद्द हुने परिवार छनौटका आधारहरुः-

क) यस नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने स्थायी नागरिक हुनुपर्नेछ।

ख) विपन्न नागरिक अन्तरगतको स्वास्थ्य विमा सेवा प्राप्त गर्न अनिवार्य रुपमा विपन्न परिचय पत्र प्राप्त भएको हुनुपर्नेछ।

ग) म.सा.स्व.सेको परिवार।।

घ) अनुसुची-०२ बमोजिमका लक्षित समुहहरु।

ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहबाट समान प्रकृतिको रोग लागेका विरामीको हकमा अन्य आर्थिक सुविधा नलिएको विरामी र निजको परिवार।

च) यस कार्यविधिमा अन्यत्र जे लेखिएको भएता पनि कार्यविधिले समेट्न नसकेको अति आवश्यक व्यक्ति हरु, जातिगत तथा अल्पसंख्यक समुदायको स्वास्थ्य विमा गर्न आवश्यक भएमा वडा कार्यालयको सिफारिस पत्र र दफा ४ बमोजिमको समितीको सिफारिसमा स्वास्थ्य विमा गरिदिन बाधा पर्ने छैन।

२) स्वास्थ्य विमामा आवद्दको लगत कट्टा गर्ने आधार देहाय बमोजिम हुनेछनः

क) स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको परिवार खैरहनी नगरपालिकावाट अन्यत्र बसाई सरी गएमा

ख) विपन्न नागरिक परिचय पत्र वाहक सो समुहमा नपर्ने भनि वडा कार्यालयबाट सिफारिस प्राप्त भएमा।

ग) कुनै व्यक्तिले आफ्नो भएको विवरण ढाँटी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको प्रमाणित भएमा

ग) लक्षित समुहमा रहेको विरामीको मृत्यु भएमा,

ङ) स्वास्थ्य विमामा आवद्द हुने लक्षित समुहका विरामीहरुको हकमा यस नगरपालिका बाट प्रदान गरिएको अर्को कुनै आर्थिक सुविधा समेत प्राप्त गरि दोहोरो सुविधा लिएको पाईएमा।

३) उपदफा (२) बमोजिम लगत कट्टा गर्नु भन्दा पहिला दफा ४ बमोजिमको समितिले निर्णय गरी लगत कट्टाको लागि सिफारिस गर्नुपर्नेछ ।

४. लगत कट्टा तथा अभिलेख व्यवस्थापनको काम स्वास्थ्य शाखाले गर्नेछ ।

खैरहनी नगरपालिकाका स्थानिय राजपत्र

६ . बिमा कार्यक्रम कार्यान्वयन तथा नविकरण सम्वन्धी व्यवस्थाः

(१) एका घरपरिवारका सदस्यहरुको लागि स्वास्थ्य बिमा गर्दा लाग्ने शुल्क रकमको ५०% रकम नगरपालिकाले व्यहोर्नेछ ।

२) एकै परिवारमा ७ जना भन्दा बढी सदस्य रहेको भए अन्य सदस्यहरुको स्वास्थ्य बिमा गर्दा लाग्ने अतिरिक्त शुल्क सम्वन्धित व्यक्ति स्वयमले व्यहोर्नु पर्नेछ ।

३) हालसम्म स्वास्थ्य विमा कार्यक्रममा आवद्द नरहेका परिवारलाई एक पटकका लागि मात्र बिमा गरिनेछ।

४) स्वास्थ्य विमा कार्यक्रममा सहभागी हुन अनुसुची-०१ बमोजिमको ढाचाँमा निवेदन भरि वडा कार्यलयमा पेश गर्नुपर्नेछ। सम्वन्धित वडा कार्यालयले उक्त निवेदनहरु संकलन गरी अनुसुची ३ बमोजिमको ढाचाँमा नगरपालिकामा पठाउने छ ।

५) स्वस्थ्य विमा गरेका सम्पुर्ण परिवारको प्रथम विन्दु खैरहनी नगरपालिका भित्र रहेको स्वास्थ्य विमा कार्यक्रम संचालन रहेको स्वास्थ्य संस्था राखुपर्नेछ।

६) यस कार्यविधिमा अन्यत्र जे लेखिएको भए पनि कुनै परिवारले स्वास्थ्य विमा नविकरण गर्न नसक्ने भनि वडा कार्यलयको सिफारिस प्राप्त भएमा आवश्यकता बमोजिम विमा सिफारिस समितीले आवश्यक छानविन गरि विमा गरिदिन सक्नेछ।

७. शुल्क भुक्तानीः १) स्वास्थ्य बिमा कार्यक्रम बापतको रकम भुक्तानी गर्दा सम्पुर्ण प्रक्रिया पुरा भए पश्चात विमित सगँ ५० % रकम विमा अभिकर्ताले सक्कल विल भरपाइ वडा कार्यालय मार्फत पेश गरि बुझाएमा नगरपालिकाले नियमानुसार भुक्तानी गर्ने व्यवस्था मिलाउनेछ ।

वा,

**२) ५० % रकम नगरपालिकामा दाखिला गर्ने र नगरपालिकाले एकमुष्ठ संस्थालाई भुक्तानी दिने?**

९. कारबही सम्वन्धि व्यवस्था - (१) कुनै व्यक्तिले स्वास्थ्य बिमा कार्यक्रममा परिवारलाइ आवद्ध गराउनको लागि गलत विवरण दिएको, दोहोरो पर्ने गरि भुक्तनी लिएको प्र्माणित भएमा निजको स्वास्थ्य बिमा गर्दा लागेको रकम सरकारी बाँकी सरह जुनसुकै स्रोतवाट असुल उपर गरिनेछ ।

२) उपदफा(१) बमोजिम असुल उपर गर्नु पर्ने रकम असुल नहुदासम्म त्यस्तो परिवारलाई नगरपालिका र अन्तरगतका वडा कार्यालयहरुवाट प्रदान गरि कुनै किसिममको सेवा त्यस्ता व्यक्तिको हकमा प्रदान गरिने छैन।

१०. यसै कार्यविधि बमोजिम हुनेः- नगरपालिकाको नगर स्तरीय कार्यक्रम वा वडाबाट वडास्तरिय कार्यक्रममा स्वास्थ्य विमा कार्यक्रमको लागि बजेट व्यवस्थापन भएमा कार्यक्रम संचालन यसै कार्यविधि बमोजिम हुनेछ।

११) संशोधनः यस कार्यविधिको कुनै दफा वा अनुसुचीमा संशोधन गर्नु परेमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१२. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै वमोजिम र उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १
## स्वास्थ्य विमा कार्यक्रम आवद्दता फारम

श्रीमान वडा अध्यक्ष ज्यु
खैरहनी नगरपालिका वार्ड नं ....
देहाय बमोजिम विवरण भरि स्वास्थ्य विमा कार्यक्रममा सहभागी हुनका लागि सिफारिश गरिदिनुहुन अनुरोध गर्दछु ।

| | |
|---|---|
| १ | बैयत्तिक :<br>बिरामीको नाम उमेर :<br>: लिङ्ग<br>स्थाई ठेगाना : जिल्ला : चितवन पालिकाः- खैरहनी वार्ड नः-<br>जातीगत विवरण / अल्पसंख्यक / दलित / जजजाती/ आदिबासी/ क्षेत्री/ ब्राम्हण :<br>अन्य |
| २ | आयश्रोत<br>व्यापार व्यावसाय पेशा<br>परम्परागत कृषि :<br>रोजगारी ( विदेशी/ स्वदेशी) :<br>उद्यम :अनुमानित मासिक आय : ब्यबसाय/ |
| ४ | लक्षित समुहको विवरणः- विपन्न नागरिक\मृगौला रोग\कलेजो सिरोसिस<br>बिरामी\म.स्वा.स्व.से\अन्य (खुलाउनु पर्ने)....................................... |
| ५ | संलग्न कागजातहरु (क) :सबै घर परिवारको सदस्यको नागरिकताको प्रतिलिपि )<br>बालक को हकमा जन्म दर्ताकोप्रतिलिपि\ विवाहदर्ता\ बसाईसराई दर्ता प्रमाण पत्रको प्रतिलिपी आवश्यकता बमोजिम (<br>(ख) विपन्न नागरिक परिचय पत्र\म.स्वा.स्व.से परिचय पत्र<br>ग) रोग निदान भएको प्रेसक्रिप्सन |
| ६ | स्वास्थ्य विमामा आवद्दता माग गरेको किसिमः- नयाँ\नविकरण<br>परिवार संख्याः-<br>नविकरणको हकमाः- मुल परिवारको विमा दर्ता नः- .......................<br>बिरामी सदस्यको विमा दर्ता नः- ................................. |
| ७ | उपरोक्त बमोजिमको विवरण साचो हो ,झुट्टा ठहरे सहुँला ,बुझाउंला ।<br>निवेदक को नाम :<br>ठेगाना :<br>दस्तखत : मिति :सम्पर्क नं : |

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

अनुसुची-०२

लक्षित समुहहरुः-

१)  महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरु।

२) मृगौला रोगीहरु।

३) कलेजो सिरोसिस भएका विरामी  ।

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

अनुसुची-०३

वडा कार्यालयले नगरपालिकामा पेश गर्ने विवरणको ढाँचा

पालिका — खैरहनी वडा नं - महिनाः-

| क्र.स | विमितको परिवारको मुल सदस्य | कुल विमित संख्या | स्वास्थ विमा नं (घर मुलिको) | स्वास्थ्य विमा रसिद नं र मिति | कैपियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

स्वास्थ्य विमा अभिकर्ताको नामः- प्रमाणित गर्नेः-

दर्ता नः-

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र